# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड
SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त प्रदेश नं. १ स्तरीय "घ" वर्गको वित्तीय संस्था

इटहरी-४, सुनसरी, नेपाल, फोन नं. ०२५-५८८१७७, ५८८१७८

इमेल: smicrofinance7@gmail.com, वेवसाइट: www.supportmicrofinance.com.np


को

## संस्थापक समूहको शेयर बिक्री गर्ने बारेको सूचना

**आवेदन पेश गर्ने शुरु मिति : २०७९/०५/०९ गते**

**आवेदन पेश गर्ने अन्तिम मिति : २०७९/०५/२३ गते**

सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको जम्मा १३,७१५ (तेह हजार सात पन्ध मात्र) कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.६५०/- (छ सय पचास रुपैया मात्र) मा बिक्री गर्ने भएको हुँदा उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७९ साल भाद्र २३ गते भित्र** बिक्री प्रबन्धक **श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौं**मा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । उल्लेखित शेयरका लागि विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई मिति २०७९/०३/१२ गते सूचना प्रकाशित गरी ३५ दिनको समय दिई सकिएको समेत यसै सूचनाद्धारा जानकारीका लागि अनुरोध गर्दछौं ।

**बिक्री गरिने संस्थापक शेयर : १३,७१५ कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी बिक्री प्रबन्धक श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।

बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।

३. प्रति शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.६५०/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ ।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन ।

५. शिलबन्दी खाम बाहिर **"सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।

६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको नाममा एन आई सी एशिया बैंक लि., थापाथली, काठमाडौमा रहेको खाता नं.५४४१४९३६३८५२४००३ मा नगद जम्मा गरि सो को सक्कल भौचर सलग्न गरी वा Connect IPS बाट उक्त खातामा नगद जम्मा गरी सो को निस्सा संलग्न गरी वा "RBB Merchant Banking Limited" को नाममा जारी गरिएको Good for Payment Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

७. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।

८. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा अन्य व्यक्ति, कम्पनी, संघ, संस्थाहरु बिच बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ । शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकबोल गर्ने क्रमहरु मध्येको कम बोलकबोल गरि बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरि समायोजन गरिनेछ । बोलकबोल स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ र कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिइने छैन ।

कम्पनीका साविकका शेयरधनीहरुले आवेदनमा आफ्नो शेयरधनी नम्बर/हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

१०. शेयरको आवेदन मिति २०७९/०५/२३ गते कार्यालय समयभित्र श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौमा दर्ता भई सक्नु पर्नेछ ।

११. प्राप्त बोलपत्रहरु मिति २०७९/०५/२४ गते अपरान्ह ४:०० बजे आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको बिहान ११:०० बजे खोलिने छ ।

१२. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१३. निवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१४. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

१५. कम्पनीबाट स्वीकृति आए पश्चात् शेयर खरीद बिक्री गर्नको लागि आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडले तोकेको शेयर दलाल मार्फत कारोवार गरिने छ ।

१६. बाँडफाँटमा परेको बोलपत्रदाताहरुको शेयर खरीद बिक्री गर्दा खरिदकर्ताको तर्फबाट तिर्नुपर्ने शेयर दलाल कमिशन तथा अन्य शुल्कहरु खरिदकर्ताले नै व्यहोर्नु पर्नेछ ।

**बिक्री प्रबन्धक:**


आरविवि मर्चेन्ट बैंकिङ्ग लि
RBB MERCHANT BANKING LTD
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**

पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ

फोनः ५३४२२६५, ५३४०९३२, ५३४०९३३ फ्याक्सः ५३४५०१८

E-mail: rbbmbl@rbbmbl.com.np


२०७९/५/९ गते कारोबार मा प्रकाशित